# शुद्धोधन गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

मानपकडी, रुपन्देही

चौथो गाउँसभा २०७५, २७ चैत्र

स्थान : अन्नपूर्ण बिउ उत्पादक कृषि सहकारी संस्थाको भवन

मानपकडी, रुपन्देही

शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

# शुद्धोधन गाउँपालिका

## चौथो गाउँसभामा गाउँपालिका अध्यक्ष द्वारा प्रस्तुत मन्तव्य

गाउँपालिका उपाध्यक्षज्यू

गाउँ सभाका सबै सदस्यज्यूहरु

गाउँपालिकाका कर्मचारीहरु

पत्रकार ज्यूहरु

यस शुद्धोधन गाउँपालिकाको चौथो गाउँसभाको उपलक्ष्यमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई गाउँपालिकाको र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु । यस गाउँपालिकाको अध्यक्षको रुपमा चौथो गाउँसभालाई सम्बोधन गर्न पाउँदा अत्यान्त हर्षित भएको छु ।

राज्यको पुर्नसंरचना मार्फत नेपालमा तीनतहको संघीय संरचना अनुसार तीनै तहका सरकारहरु गठन भई क्रियाशिल रहेका छन् । त्यसै अनुरुप स्थानीय सरकारको रुपमा यस शुद्धोधन गाउँपालिकाले दैनिक प्रशासनिक तथा विकास निर्माणका कार्यहरु गर्दै आएको छ । उक्त कार्यहरु गर्दा स्थानीय जनताको सर्वोपरी हित अनुकुल हुने गरी संचालन गर्दै आईएको छ । स्थानीय सरकार संचालनको लागि आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका लगायतका कानूनहरु कार्यान्वयनमा ल्याई सोही अनुसार कार्य भईरहेको छ ।

अब म यस गाउँपालिकाको आ.व. ०७५।०७६ मा कार्यलयले सम्पादन गरेका प्रगति तथा वर्तमान समयमा रहेका समस्या तथा चुनौतीहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**<u>हालसम्मका मुख्य मुख्य प्रगतिहरु :</u>**

**१. संस्थागत विकास सुशासन तथा सेवा प्रवाह तथा न्यायिक कार्यसम्पादन तर्फ :**

- संविधानमा व्यवस्था भएको प्रावधान अनुसार यस गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा गठन भएको न्यायिक समितिमा ९१ वटा उजुरी दर्ता भएका र ५१ वटा उजुरीहरुको फैसला भई किनारा लगाईएको बाँकी छलफलको क्रममा रहेका छन् ।
- वडा नं. २ लाई रुपन्देही जिल्लाकै पहिलो वालमैत्री वडा घोषणा कार्य सम्पन्न गरिएको । साथै वडा नं. ५ लाई वालविवाह मुक्त वडा घोषणा गरिएको ।
- प्रत्येक वडाबाट ४ जना मेलमिलापकर्ता छनौट गरी उनीहरुलाई ७ दिने तालिम प्रदान गरी सकिएको छ । उनीहरुलाई ०७६ बैशाख भित्र सूचीकृत गरी ततः पश्चात समुदाय स्तरमा हुने विवादहरुलाई स्थानीय स्तरबाटै समाधान हुने व्यवस्था हुनेछ ।

शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

- सबै वडा कार्यालयहरुबाट आवश्यक प्रविधि र पूर्वाधारको विकास गरी वडा कार्यालय मार्फत अनलाइन प्रणालीबाट कर संकलन र व्यक्तिगत घटना दर्ता सेवा प्रदान भैरहेको छ । सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गरिएको ।
- चालु आ.व. ०७५ श्रावण देखि हालसम्म जन्म ९८४ मृत्यू १४० विवाह ३४१ सम्बन्धविच्छेद १ बसाईसराई जाने १८ र बसाईसरी आउने ३४ को घटनादर्ता सम्पन्न भएको ।
- सामुदायिक विकास कोषको कार्यक्रम वडा नं. २ र ५ मा विस्तार गरिएको ।
- गाउँपालिकाको गुरुयोजना निर्माण कार्य अघि बढाईएको छ ।
- अन्तर स्थानीय तह (शुद्धोधन, गैडहवा, कन्चन गा.पा र सैनामैना न.पा.) विपद तथा वरुणयन्त्र संचालन कार्यविधि तयार गरी चारवटै स्थानीय तहबाट पारित गरी लगत सहभागितामा बरुणयन्त्र खरिद गरी संयुक्त रुपमा संचालन हुने व्यवस्था अघि बढाईएको छ ।
- नेपाल सरकार प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत संचालन भएको रोजगार संयोजकको नियुक्ति भई गाउँपालिकामा रोजगार सेवा केन्द्र स्थापना भएको र सो मार्फत प्रत्येक वडा कार्यालय मार्फत बेरोजगार व्यक्तिहरुको लगत संकलन भैरहेको ।
- वडा नं. १ का जनताहरुलाई भौगोलिक रुपमा समेत वडा नं. २ को कार्यालय भुजौली आई सेवालिन बाध्य भएको अवस्था मध्यनजर गरी वडा नं. १ को चनापारमा वडा कार्यालय स्थापना गरी सेवा प्रदान गरिएको छ ।

## २. भौतिक पूर्वाधार तर्फ :

- गाउँपालिकाको कार्यालय भवन निर्माण द्रुत गतिमा भैरहेको छ । र आगामी आ.व. को ०७७ आषाढ भित्रै सम्पन्न गर्ने लक्ष्य रहेको छ ।
- वडा नं. १ र वडा नं. ४ को वडा कार्यालय भवन निर्माणको ठेक्का प्रक्रिया सम्पन्न भई निर्माण कार्य शुरु हुने चरणमा रहेको छ ।
- प्रदेश सरकार प्रदेश नं. ५ बाट समेत अनुदानमा निर्माण हुने बहुउद्देश्य सभाहल निर्माणको लागि बहुवार्षिक ठेक्का अर्न्तगत ठेक्का आह्वान भैसकेको र आगामी आ.व. ०७६।०७७ सम्म सम्पन्न हुने लक्ष्य रहेको छ ।
- प्रदेश सरकार प्रदेश नं. ५ बाट सशर्त अनुदानमा निर्माण हुने खेलमैदानको ठेक्का प्रक्रियाको शुरुवात गर्न लागिएको छ ।
- प्रदेश सरकार प्रदेश नं. ५ बाट निम्नानुसारका सडक निर्माण कार्य अघि बढेका छन् ।
- तेश्रो गाउँसभाबाट चालु आ.व.मा स्वीकृत भएका १५१ योजना मध्ये निम्नानुसारका योजना संचालन तथा सम्पन्न भएका छन्
  - ५ लाख भन्दा मुनिका योजना २६ वटा सम्झौता सम्पन्न १९
  - ५ देखि २० लाख सम्मका योजना १८ वटा सम्झौता सम्पन्न ९
  - २० देखि ५० लाख सम्मका योजाना ७ वटा सम्झौता सम्पन्न ०

- ५० देखि १ करोड सम्मका २ वटा योजनाको ठेक्का प्रक्रिया सम्पन्न भएको ।
- १ करोड भन्दा माथिका योजना १ वटा योजना ठेक्का प्रक्रियामा रहेको ।

➢ प्रदेश सरकार प्रदेश नं. ५ को कृषि भूमि व्यवस्था सहकारी मन्त्रालय र गाउँपालिकाको लागत सहभागितामा वडा नं. १ को बेलवामा १८ लाख ६० हजारको लागतमा तरकारी संकलन केन्द्रको निर्माण सम्पन्न भएको र वडा नं. ४ को फर्साटीकरमा प्रदेश सरकार र गाउँपालिकाको लागत सहभागितामा अर्को तरकारी संकलन केन्द्र निमार्णको प्रक्रिया अघि बढाईएको छ ।

➢ नेपाल सरकार SNRTP अर्न्तगत वडा नं. १ को शिशै र किसुली जोड्ने पुल ०७६ आषाढ सम्म सम्पन्न हुने चरणमा रहेको ।

➢ वडा नं. २ र १ जोड्ने दानव नदिमा नेपाल सरकार अन्तर्गत सडक कार्यालयबाट २ वटा पुल निर्माण भैरहेको छ ।

➢ तेश्रो गाउँसभाबाट चालु आ.व. ०७५।०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विनियोजित बजेट ३८ करोड २६ लाख ८० हजार मध्ये हाल सम्म रु. १६ करोड ९० लाख ४१ हजार १ सय ८३ रुपैया पैसा ४८ खर्च भई (४३.०५%) वित्तीय प्रगती भएको छ । नदिजन्य पदार्थ बिक्री जि.स.स. बाट प्राप्त हुने रकम थप हुने आम्दानी रु. ९१६५९४३६।- को संशोधित बजेटको आय व्यय समेत यसै साथ संलग्न गरिएको छ । तथा हाल सम्मको संशोधित आय र २०७५ चैत्र २५ गते सम्मको यथार्थ व्ययको विवरण संलग्न छ ।

➢ सडक बोर्ड नेपाल र गाउँपालिकाको लागत सहभागितामा पूर्व मैनहिया देखि लुम्बिनी परिक्रमा सडकमा १२ लाख ६० हजारमा कालोपत्रे गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

➢ नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन ढिला हुन गई निर्माण सामाग्रीहरुको अभाव जस्ता कारणले योजना कार्यान्वयनमा ढीला हुन गई वित्तीय प्रगति कम देखिएको छ ।

➢ संसद विकास कोषबाट विभिन्न योजनाको लागि ९० लाखका ६ वटा छनौट भई कार्यान्वयनमा रहेको छ ।

➢ प्रदेश सरकार प्रदेश नं. ५ बाट विभिन्न योजनामा रकम विनियोजन भई कार्यान्वयनमा रहेका छन् ।

**३. शिक्षा तथा स्वास्थ्य तर्फ :**

➢ सामुदायिक विद्यालयका प्र.अ. र गाउँपालिकाको शिक्षा, शाखा बिच कार्यसम्पन्न करार सम्झौता गरी सोही अनुसार सूचकहरु निर्माण गरी मूल्याङ्कन गर्ने परिपाटीको शुरुवात गरिएको छ ।

➢ प्रथम शुद्धोधन शैक्षिक महोत्सव सम्पन्न गरिएको छ ।

➢ प्रथम पटक कक्षा ८ को परीक्षा शान्तिपूर्ण र व्यवस्थित रुपमा सम्पन्न गरी नतिजा प्रकाशनको चरणमा रहेको छ ।

➢ सामुदायिक विद्यालय, संस्थागत विद्यालय र समुदायमा आधारित वाल विकास केन्द्रका वाल विकास सहजकर्ताहरुलाई ३ महिने मन्टेश्वरी तालिम सम्पन्न गरिएको छ ।

- विद्यालयलाई सूचनामैत्री बनाउने कार्यको थालनी स्वरुप ५ वटा माध्यमिक विद्यालयलाई ल्यापटप र १ वटालाई प्रोजेक्टर प्रदान गरिएको छ ।
- विद्यालयका प्र.अ., लेखा सहायक, कार्यालय सहयोगी र वालविकास सहजकर्तालाई प्रोत्साहन स्वरुप मासिक नगद प्रदान परिपाटीबाट विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि हुने आपेक्षा गरिएको छ ।
- विद्यार्थी, शिक्षक अनुपातका आधारमा ८ वटा विद्यालयलाई अनुदान वितरण गरिएको ।
- गाउँपालिकाको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याइएको ।
- विद्यालयका शिक्षक र प्र.अ. बिच शिक्षण सिकाई सुधार गर्ने सम्बन्धमा कार्य सम्पादन करारका लागि प्रेरित गरिएको नियमित प्र.अ. बैठकबाट मासिक प्रगतिको समीक्षा गर्ने गरिएको ।
- गाउँपालिका अर्न्तगत रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा औषधीहरु नियमित आपूर्ति गरी औषधीको अभाव नहुने अवस्था श्रृजना भएको ।
- वडा नं. २ को भुजौली स्वास्थ्य चौकी र वडा नं. ५ को मानपकडी स्वास्थ्य चौकीमा ल्याब स्थापना गरिएको ।
- यस गाउँपालिका भित्र नियमित गर्भ परीक्षण गरेका र स्वास्थ्य संस्थामा जन्मिएका वालिकाहरुको ३५ दिन भित्र वडा कार्यालयमा जन्मदर्ता गरेमा रु. २०००।- नगद प्रोत्साहन गर्ने कार्य प्रभावकारी भएको जसबाट हाल सम्म ५९ वालिकाहरुलाई जन्म प्रोत्साहन वापत रु. १ लाख १८ हजार प्रदान गरिसकिएको ।
- स्वास्थ्य सेवाको गुणस्तरीयता वृद्धि गर्न तथा नियमित प्रतिवेदन गर्नको लागि हरेक महिना स्वास्थ्य संस्था इन्चार्जहरुको बैठक नियमित गरिएको ।
- परिवार नियोजन सेवाको प्रयोग दर वृद्धि गर्न परिवार नियोजन दिवस मनाउने तथा परिवार नियोजन सम्बन्धि अन्तरक्रिया गरिएको ।
- २४ घण्टे प्रसुती सेवालाई प्रभावकारी बनाउन करारमा अ.न.मी. तथा का.स. भर्ना गरी सेवालाई प्रभावकारी गराइएको ।
- वाल पोषणको अवस्थामा सुधार ल्याउन पोषण प्रवर्धन सम्बन्धि विभिन्न कार्यक्रम गरिएको ।
- महिला स्वास्थ्य स्वयंसेविकाको सेवालाई अझ प्रभावकारी गराउन तथा उनीहरुको मनोवल बढाउन म.स्वा.से.दिवस मार्फत उनिहरुलाई सम्मान गरिएको ।
- समाजमा लुकेर रहेको कुष्ठ रोग पत्ता लगाउने उद्देश्यले वृहत छाला रोग शिविर सम्पन्न गरिएको जसमा ३१८ जना छालारोगीले निशुल्क उपचार लिएको ।
- स्वास्थ्य सेवाको पहुँच नपुग्ने क्षेत्र शुद्धोधन १ चानापार र वेलवामा क्षयरोग पत्ता लगाउने खकार परीक्षण शिविर सम्पन्न गरिएको ।
- सुनगाभा सामुदायिक विकास केन्द्रको सहयोगमा शुद्धोधन गा.पा. का ३ वटा संस्थालाई किशोर किशोरीमैत्री स्वास्थ्य संस्थाको रुपमा विस्तार गरिएको ।

शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

- पूर्णखोपको सुनिश्चितता र दिगोपनाको लागि समुदायस्तर, वडास्तर र गा.पा. स्तरमा विभिन्न कार्यक्रम सम्पन्न गरि पूर्ण खोप गा.पा. घोषणा गराउने अभियानमा लागिएको ।
- हरेक स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई प्रभावकारी गराउन गा.पा.बाट सञ्चालन खर्च वितरण गरिएको ।
- विभिन्न स्वास्थ्य दिवस, कार्यक्रमहरु नियमित रुपमा गर्दै आइएको छ ।
- आयुर्वेद औषधालयमा चुर्ण औषधी निर्माणको लागि भवन निर्माण गरिएको ।
- आयुर्वेद गाउँघर क्लिनिक वडा नं. १ मा संचालन हुने तयारी भएको ।

## ४. कृषि तथा पशु तर्फ :

- कृषकहरुलाई १८४६० Kg गहुँको बिउँ, ५० Kg प्याजको बिउ, १००० प्याकेट च्याउँको बिउ ५०% अनुदानमा वितरण गरिएको ।
- पाँच कठ्ठा भन्दा बढी व्यवसायिक तरकारी र फलफुल खेती गर्ने किसानलाई अनुदान वितरण गर्न १०० जनाको नाम छनौट गरिएको ।
- साना सिंचाई कार्यक्रम संचालन गर्न ४ वटा कृषक समूह छनौट गरिएको ।
- भकारो सुधार कार्यक्रम अनुदानको लागि १० जना कृषक छनौट गरिएको ।
- ७५% अनुदानमा स्यालो ट्युवेल जडानको लागि १७ जना कृषक छनौट गरिएको ।
- आकस्मिक बाली संरक्षण कार्यक्रम संचालन गरिएको ।
- कृषक समूह अभिमुखिकरण कार्यक्रम संचालन गरिएको ।
- पशुतर्फ निशुल्क औषधी तथा घाँसको बिउँ वितरण गरिएको ।
- सबै वडाहरुमा पशु खोप कार्यक्रम संचालन गरिएको ।
- पशु गोठ र खोर सुधारको कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान गरिएको ।
- रेवीज रोग नियन्त्रण कार्यक्रम निरन्तर रुपमा संचालनको लागि प्रस्ताव आह्वान गरिएको ।
- कृत्रिम गर्भाधान कार्यक्रम संचालनमा रहेको ।

## ५. महिला विकास तर्फ :

- गाउँपालिकास्तरीय वाल श्रम न्यूनिकरण यौनजन्य हिंसा कार्यक्रम सम्पन्न भएको ।
- गाउँपालिकास्तरीय किशोर किशोरीहरुलाई जिवन उपयोगी सिप तथा प्रजनन स्वास्थ्य, सेनेटरी प्याड बनाउने तालिम वडा नं. ६ र ७ मा सम्पन्न भएको ।
- ३ वटा महिला सहकारी संस्थाको रणनीति योजना तयार गरिएको ।
- गाउँपालिकास्तरीय बालक्लब गठन सम्पन्न भएको ।
- लैङ्गिक हिंसा निवारण महिला विकास अर्न्तगत न्यायिक समितिलाई अन्तरक्रिया कार्यक्रम ।
- नेतृत्व तथा संस्थागत विकास तालिम सम्पन्न गरिएको ।

शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
५ नं. प्रदेश नेपाल

- समूह गठन तथा अनुशिक्षण तालिम सम्पन्न गरिएको ।
- अन्तराष्ट्रिय महिला दिवस कार्यक्रम सम्पन्न गरिएको ।

६. घरनक्शा तर्फ :

- नियमित (पुरानो घर) जम्मा नक्सापास ९८ वटा र नयाँ घर नक्सापास ५ वटा सम्पन्न भएको ।
- हाल सम्म आंशिक तथा नयाँ तथा तल्ला थप १८ वटा सम्पन्न भएको ।
- नक्सा पास दर्ता प्रक्रियमा रहेको फाईल संख्या ५० ।
- हाल सम्म जम्मा १७१ घरहरु नक्शा पास प्रक्रिमा आएको देखिन्छ ।

<u>समस्या तथा चुनौतीहरु</u>

- यस गाउँपालिका अर्न्तगत प्राविधिक र अन्य विषयगत कार्यचारीको अभाव तथा कार्यकक्षको अभावको कारण जनअपेक्षा अनुसार कार्य अघी बढाउन नसकिएको ।
- सबै वडा कार्यालयलाई छुट्टाछुट्टै संचालन गरी सेवा प्रदान गर्न नसकिएको ।
- यस गाउँपालिका अर्न्तगत विभिन्न स्थानमा संचालन हुने योजना संचालनको लागि नदिजन्य पदार्थको अभाव, प्राविधिक कर्मचारीको अभाव र समयमा उपभोक्ता समितिहरु गठन नहुँदा योजनाहरुको प्रगति न्यून रहेको ।
- निर्माणाधिन गाउँपालिकाको कार्यालयको लागि रकमको कमि भएको ।
- गाउँपालिका अन्तर्गत विभिन्न पेशा र व्यवसायबाट व्यवसायकर न्यूनरुपमा संकलन हुने गरेको ।
- समयमा नदीजन्य पदार्थको ठेक्का पट्टा हुन नसकेको ।
- २०७५ साल बैशाख १ गते बाट घर नक्शा र भवन आचार संहिता लागु गरेता पनि सो को प्रभावकारी कार्यान्वयन हुन नसकेको । नागरिकहरुमा आफूखुसी घर निर्माण गर्ने प्रवृति बढेको ।
- जिल्ला समन्वय समितिबाट तत्कालिन जि.वि.स. अन्तर्गत रहेको र मन्त्रालयको निर्देशनअनुसार ठूला भौतिक पूर्वाधारका योजनाहरुमा खर्च गर्ने गरी माग गरिएको रकम समयमा प्राप्त हुन नसकेको ।
- मालपोत कार्यालयबाट आउने राजश्व बाँडफाँडको रकम समयमा उपलब्ध हुन नसकेको ।

अन्तमा यस चौथो गाउँसभामा उपस्थित उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, गाउँकार्यपालिकाका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु समाजसेवी, कर्मचारीहरु, पत्रकारज्यूहरु सबैलाई धन्यावद प्रदान गर्दछु ।